मिति २०७३/१२/०७ मा बसेको आ.व. ०७३/०७४ को १२ औं सचिव बैठकका निर्णयहरु

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १. | तत्काल सुधार कार्ययोजना,२०७२ को कार्यान्वयनको कार्यप्रगती समीक्षा गरी कार्यान्वयन गर्न बाँकी कार्य र कृयाकलापहरुको आगामी आ.व.को बजेटमा समावेश गरि कार्यान्वयन गर्ने व्यवस्था सबै मन्त्रालयले मिलाउने। | सम्बन्धित सबै मन्त्रालय /निकाय | - | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यसै आ.व.भित्र |
| २. | नेपालको संविधान बमोजिम ७४४ वटा स्थानीय तह गठन भई कार्य सञ्चालन समेत प्रारम्भ भईसकेको हुनाले यी सबै निकायहरुको आ-आफ्नो क्षेत्रको (७४४ वटै स्थानीय तहहरुको) क्षेत्रगत स्थिति समावेश भएको पार्श्वचित्र (profile) तयार गर्ने व्यवस्था मिलाउने। | विषयगत मन्त्रालय/निकायहरु | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६ महिना |
| ३. | संघीयता कार्यान्वयनको सन्दर्भमा क्षेत्रगत सेवाको मापदण्ड तय गरी स्थानीय तहसँग समेत समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था गर्ने। | सबै मन्त्रालय /निकाय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३ महिना |
| ४. | स्थानीय तहमा उपलब्ध गराउने सशर्त अनुदान वितरणका लागि मापदण्ड तथा सुत्र सबै निकायले तयार गरी सो बमोजिम एकल सुची तथा साझा सुची कार्यान्वयन गर्ने कार्यविधी बनाउने। | सबै मन्त्रालय /निकाय | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ महिना |
| ५. | नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण अनुरुप स्थानीय तह र प्रदेशमा जाने कार्यसूची अनुरुप जनशक्ती र श्रोत तत् तत् तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाउन सबै मन्त्रालय एवं केन्द्रिय निकायहरुले अविलम्ब कार्यविधी बनाईजनशक्ती हस्तान्तरण गर्ने तयारी गर्ने। | सबै मन्त्रालय /निकाय | सामान्य प्रशासन मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ महिना |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

मुख्य सचिव

| क्र.सं. | निर्णयहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | अनुगमन गर्ने निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ६. | सबै क्षेत्रगत मन्त्रालयले आवश्यक्ता अनुसार राष्ट्रिय योजना आयोग संग समन्वय गरी नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण अनुरुप संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमको प्रकृति, क्षेत्र, लक्षित वर्ग आदिको आधारमा मापदण्ड बनाई तत् तत् निकायमा हस्तान्तरण गर्ने। | सम्बन्धित सबै मन्त्रालय /निकाय | राष्ट्रिय योजना आयोगको सचिवालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | यसै आ.व.भित्र |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं